१२६,४/८८

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ३४०/२०७१/०७२

निर्णय नं. ८७७

श्री शमसेर नेपाली, गोरखा, हाल सामाखुसी, काठमाण्डौं ..............................................१ पुनरावेदक

विरूद्ध

श्री कार्यालय प्रमुख, जिल्ला प्रशासन कार्यालय, काठमाण्डौं ..............................................१ विपक्षी
श्री सूचना अधिकारी, जिल्ला प्रशासन कार्यालय, काठमाण्डौं

विषय :- सूचना दिनु भनिएकोमा पाईन भन्न नआएकोले तामेलिमा राख्ने ।

गोरखा जिल्ला हाल सामाखुसी, काठमाण्डौं बस्ने श्री शमसेर नेपालीले जिल्ला प्रशासन कार्यालय, काठमाण्डौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।१२।१३ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको आदेश बमोजिम मिति २०७१।१२।१९ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, काठमाण्डौंलाई पुनरावेदकको माग बमोजिम सूचना उपलब्ध गराउनु भनी लेखी गएको । उक्त पत्राचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वंयले पनि निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पुनरावेदकले सूचना पाईन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल जेठ २३ गते रोज १ शुभम् ।